बागमती प्रदेश सरकार

मा. जयराम थापा
मन्त्री

श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या:
चलानी नम्बर:

# प्रेस विज्ञप्ति

बागमती प्रदेश सरकार जनताको प्रत्यक्ष सरोकार र सेवा प्रवाहका विषयमा गम्भीर र प्रतिबद्ध रहेको स्पष्ट पार्न चाहन्छु। श्रम, रोजगार तथा यातायात क्षेत्रलाई प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउन हामीले विभिन्न सुधारात्मक कदमहरू अघि बढाएका छौँ। मन्त्रालय अन्तर्गतका सबै कार्यालयहरुमा सेवा प्रवाहका क्रममा हुने अनियमितता र बेथिति विरुद्ध शून्य सहनशीलता (Zero Tolerance) को नीति कडाइका साथ कार्यान्वयन गर्न र विचौलियालाई कार्यालयमा प्रवेश निषेध गर्न निर्देशन दिइएको छ, जसले गर्दा सेवाग्राहीले सहज, छिटोछरितो र गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने छन्।
यातायात क्षेत्रतर्फ, सार्वजनिक यातायातलाई सुरक्षित, व्यवस्थित र प्रविधिमैत्री बनाउन हामीले नीतिगत संरचनागत र कार्यात्मक सुधारहरू अगाडि बढाएका छौं। सवारी दर्ता, चालक अनुमतिपत्र लगायतका सेवाहरूलाई क्रमश: डिजिटल माध्यममार्फत सरल र पारदर्शी बनाउने कार्य भइरहेको छ।
सेवा प्रवाहमा देखिएका ढिलासुस्ती, अनियमितता तथा गुनासाहरूलाई मन्त्रालयले गम्भीरतापूर्वक लिएको छ। सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीहरूलाई जिम्मेवार, जवाफदेही र सेवामुखी भएर काम गर्न स्पष्ट निर्देशन दिइएको छ। जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा सुधार गर्नु हाम्रो पहिलो प्राथमिकता र जिम्मेवारी हो।

पछिल्लो अवधिमा मन्त्रालयले सीपमूलक तालिम, उद्यमशीलता विकासका क्षेत्रमा उल्लेखनीय कार्यहरू गरेको छ। युवाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गरिएका छन्, जसबाट उनीहरूलाई स्वरोजगारतर्फ उन्मुख गराउने प्रयास गरिएको छ। त्यसैगरी, वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन आवश्यक पहलहरू अघि बढाइएका छन्। अनौपचारिक क्षेत्रका श्रमिकको सामाजिक सुरक्षा कोषमा आबद्धता र श्रमिकहरुको हकहित प्रवर्धन, सूचनामूलक सेवा विस्तार र परामर्श प्रणालीलाई थप सुदृढ बनाउने काम भइरहेको छ। आगामी दिनमा मन्त्रालयले रोजगारीका अवसर विस्तार, श्रमिक अधिकार संरक्षण, सुरक्षित वैदेशिक रोजगार प्रवर्द्धन तथा व्यवस्थित यातायात प्रणाली विकासमा केन्द्रित भई अझ प्रभावकारी ढंगले कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

मन्त्रालय वा यातायात व्यवस्थाकार्यालयहरुको कुनै सूचना वा गुनासो भए मन्त्रालयको इमेल molet@bagamati.gov.np वा ०५७-५९९३६२ मा जानकारी गराउन हुन अनुरोध गर्दछु। अन्त्यमा, मन्त्रालयका गतिविधिहरूलाई जनतामाझ पुऱ्याउन सहयोग गर्ने सम्पूर्ण सञ्चारमाध्यम तथा सरोकारवालाहरूलाई धन्यवाद दिँदै आगामी दिनमा समेत सहकार्यको अपेक्षा राख्दछु। धन्यवाद।

जयराम थापा
श्रम, रोजगार तथा यातायात मन्त्री
२०८२/१२/२३